# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश

प.सं. ०८१/०८२ (शैक्षिक प्रशासन)
च.नं. ३३३८

मितिः २०८१/०९/२६
ने.सं. ११४५ पोहेलाथ्व ११ शुक्रबार

**विषयः पूर्व तयारी कक्षा एवम् भाषा शिक्षण सम्बन्धमा ।**

**श्री ट्युसन/परीक्षा तयारी/ भाषा शिक्षण सञ्चालन गर्ने संघ संस्थाहरू,**
**भरतपुर महानगरपालिका।**

प्रस्तुत विषयमा भरतपुर महानगर क्षेत्रमा सञ्चालनमा रहेका पूर्व तयारी कक्षा, परीक्षा तयारी कक्षा, भाषा शिक्षण सम्बन्धी संस्थाहरू ट्युशन/कोचिङ सेन्टर अनुगमन तथा नियमन प्रयोजनार्थ त्यस्ता संस्थाहरूको विवरण अद्यावधिक गर्ने कार्यका लागि देहाय बमोजिमका कागजात सहितको विवरण प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शैक्षिक प्रशासन महाशाखामा पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. प्रचलित कानून बमोजिम दर्ता भएको र अद्यावधिक भएको विवरण।
२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय वा अन्तर्गत र प्रदेश सरकार वा अन्तर्गत, अन्य सरकारी निकाय र महानगरपालिकाबाट इजाजत लिएको विवरण।
३. संस्थाले उपलब्ध गराएको सेवाहरूको संक्षिप्त विवरण
४. सेवा शुल्क बापत लिइने रकमको विवरण र सोको आधार(संस्थाले प्रदान गर्ने सेवा सुविधा, कार्यप्रक्रिया)
५. PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि
६. करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि
७. लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि
८. जनशक्तिको विवरण (प्रशिक्षकहरूको योग्यता खुलेको प्रमाणपत्रको प्रतिलिपि समेत)।
९. कम्तिमा २ वर्षको लागि गरिएको घरभाडा सम्झौता
१०. फर्म वा कम्पनीको स्वीकृत प्रबन्धपत्र तथा विनियमावलीको प्रतिलिपि
११. सञ्चालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
१२. व्यवसाय दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपि

सुवासचन्द्र आचार्य
उपसचिव

**बोधार्थः**
श्री वडा कार्यालय, सबैः- वडाभित्रका संस्थाहरूको नियमन गर्नुहुन।
श्री सूचना तथा सञ्चार प्रविधि शाखाः- वेबसाइटमा अपलोड गरिदिनुहुन।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्री परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)